कोहलपुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके

Google Plus Code
5MRQ+7C6 Kohalpur
लुम्बिनी प्रदेश, नेपाल

प.सं.:२०८३/०८४(कृषि विकास शाखा)
च.नं.:

## गहुँको उन्नत वीउ माग सम्बन्धी सूचना
प्रकासित मिति : २०८३/०५/१७

कोहलपुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, कृषि विकास शाखाको आ.व. २०८३/८४ मा संघीय शसर्त अनुदान तर्फको खाद्यान्न बालीको उन्नत वीउ उपयोगमा अनुदान कार्यक्रम अन्तर्गत ५० प्रतिशत अनुदानमा कृषकहरुलाई गहुँको वीउ वितरण गर्नु पर्ने भएको हुँदा तपसिलका जातहरु मध्ये आवश्यक पर्ने जात र लगाउने क्षेत्रफल (कठ्ठा) को विवरण सहितको माग निवेदन यो सूचना प्रकाशन भएको मितिले २१ दिन मिति (२०८२/०६/०६ गते ) भित्र कोहलपुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, कृषि विकास शाखामा बीउको माग निवेदन पेश गर्नु हुन सम्बन्धित सम्पुर्ण कोहलपुर नगरपालिका भित्रका कृषक/फर्म/कृषक समुह/कृषि सहकारीहरुलाई यसै सुचनाद्वारा अनुरोध गरिन्छ । सूचनामा उल्लेखित मितिको अन्तिम दिन सार्वजनिक विदा परेमा अर्को दिन निवेदन दर्ता गर्न सकिनेछ ।

<u>माग गर्न सकिने गहुँका जातहरु:</u>

१. गौतम २. बाणगंगा

३. विजय ४. अन्य जातहरु उन्नत तराईमा यो क्षेत्रमा हुने

<u>निवेदनका साथ पेश गर्नु पर्ने कागजातहरु</u>

१. कृषक समूह/कृषि सहकारी/कृषि फर्म दर्ता भएको
दर्ता प्रमाण पत्रको प्रतिलिपी (नियमानुसार नवीकरण/सुचीकृत भएको) ।
२. कृषक समूह/ कृषि सहकारीको हकमा वीउ माग सम्बन्धी निर्णयको प्रतिलिपि ।
३. व्यक्तिगत कृषकको हकमा नागरिकताको प्रतिलिपी ।
४. कृषक/फर्म/समुह सबैले लालपुर्जाको प्रतिलिपी अनिवार्य पेश गर्नु पर्ने।
५. जात, क्षेत्रफल र परिमाण सहितको माग निवेदन
(निवेदनको ढाँचा नगरपालिकाको वेबसाईट तथा कृषि विकास शाखाबाट प्राप्त गर्न सकिनेछ)

नोट:- *विस्तृत जानकारीको लागि कोहलपुर नगरपालिका, कृषि विकास शाखाको सम्पर्क नं. ।*

सम्पर्क नम्बर :- ९८५७८३२०८३/९८४८१६८६७९/९८६०२९४२४३/९८४८३९०५०८ मा सम्पर्क गरी जानकारी लिन सक्नु हुनेछ ।आवश्यक सम्पुर्ण कागजात र प्रक्रिया पुरा भएको माग निवेदन मात्र दर्ता गरिनेछ ।

...................
(मान बहादुर गिरी)
प्रमुख प्रशासकीय अधिकृत

मान बहादुर गिरी
प्रमुख प्रशासकिय अधिकृत

बोधार्थ:-श्री सूचना प्रविधि तथा तथ्यांक उपशाखा,
यो सूचना वेबसाईटमा राखि दिनु हुन अनुरोध गरिन्छ ।

मान बहादुर गिरी
प्रमुख प्रशासकीय अधिकृत

मिति:-२०८३/......./......

श्री कोहलपुर नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय,
कृषि विकास शाखा, कोहलपुर, बाँके ।

विषयः- बीउ माग गरिएको बारे ।

प्रस्तुत विषयमा कोहलपुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, कृषि विकास शाखाको मिति २०८२/०५/१७ गते प्रकाशित सूचना अनुसार तपसिल अनुसार ५० प्रतिशत अनुदानमा गहुको बीउ माग गरिएकोले उक्त बीउ उपलब्ध गराईदिनु हुन यो निवेदन पेश गरेको छु/छौं ।

तपसिलः

| क्र.सं. | गहुँको जात | जम्मा क्षेत्रफल कठ्ठा | आवश्यक जम्मा परिमाण के.जी. | कैफियत |
|---|---|---|---|---|
| १ | गौतम | | | |
| २ | बाणगंगा | | | |
| ३ | विजय | | | |
| अन्य | | | | |
| जम्मा | | | | |

निवेदक

किसान/फार्म/समुह/सहकारीको नामः
ठेगाना र छाँपः-

सम्पर्क व्यक्तिको नामः
सम्पर्क नम्बरः-
नागरिकता नम्बरः-
हस्ताक्षरः-